# हतुवागढी राजपत्र

हतुवागढी गाउँपालिकाद्वारा प्रकाशित

खण्ड : २ सङ्ख्या : १० मिति : २०७५/०१/२५


## भाग-१

## हतुवागढी गाउँपालिका

हतुवागढी गाउँपालिकाको गाउँसभाले तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको बेहोरा अनुरोध छ ।

गाउँ सभाबाट स्वीकृत मितिः २०७५/०१/२५

# हतुवागढी गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५

# हतुवागढी गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५

गाउँसभाबाट स्विकृत मितिः २०७५ बैशाख २५

हतुवागढी गाउँपालिका
**गाउँ कार्यपालिकाको कार्यालय**
घोडेटार, भोजपुर
२०७५

........औं गाउँसभा
प्रमाणिकरण गर्ने

प्रेमकुमार राई
अध्यक्ष

**हतुवागढी गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५**

**प्रमाणीकरण मिति :** २०७५/०२/०२

**स्थानीय राजपत्रमा प्रकाशित मिति :** २०७५/०२/०३

## २०७५ सालको ऐन नं.

**प्रस्तावना:** नेपालको संविधानको अनुसूची ८ र ९ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहलाई तोकिएको अधिकार क्षेत्रभित्रका विषयमा आवश्यक कानून बनाई प्रशासकीय कार्यविधि नियमित गर्न वान्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम हतुवागढी गाउँपालिकाको सभाले यो ऐन बनाएको छ ।

**१. संक्षिप्त नाम, विस्तार र प्रारम्भ :** (१) यो ऐनको नाम हतुवागढी गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ रहेको छ ।

(२) यो ऐन हतुवागढी गाउँपालिका क्षेत्रभित्र तुरुन्त लागू हुनेछ ।

**२. परिभाषा :** (१) बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "ऐन" भन्नाले हतुवागढी गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ सम्झनु पर्छ ।

(ख) "कार्यपालिका" भन्नाले हतुवागढी गाउँ कार्यपालिका कार्यपालिका सम्झनु पर्छ ।

(ग) "गाउँपालिका" भन्नाले हतुवागढी गाउँपालिका सम्झनु पर्छ ।

(घ) "सभा" भन्नाले संविधानको धारा २२२ बमोजिमको गाउँसभा वा धारा २२३ बमोजिमको नगरसभा सम्झनु पर्छ ।

(ङ) "संविधान" भन्नाले नेपालको संविधानलाई सम्झनु पर्छ ।

**३. नियम बनाउने अधिकार** : (१) नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७५ बमोजिम गाउँपालिकालाई तोकिएका अधिकार क्षेत्रभित्रका विषयमा तोकिएको कार्य जिम्मेवारी निर्वाह गर्न अपनाउनु पर्ने कार्यविधि नियमित गर्नको निमित्त हतुवागढी गाउँ कार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

........गाँउसभा
प्रमाणिकरण गर्ने
.........................
प्रेमकुमार राई

(२) उपदफा (१) बमोजिम नियम बनाउँदा संघीय तथा प्रदेश कानून बमोजिम स्थानीय तहको क्षेत्राधिकार भित्र पर्ने विषयमा मात्र बनाउनु पर्नेछ ।

४. **निर्देशिका, कार्यविधि र मापदण्ड बनाउन सक्नेः** (१) संविधान, ऐन तथा यस ऐन अन्तरगत बनेको नियमावलीको अधिनमा रही हतुवागढी गाउँ कार्यपालिकाले आवश्यकता अनुसार निर्देशिका, कार्यविधि र मापदण्ड बनाई लागू गर्न सक्नेछ ।

५. **बचाऊः** यो कार्यविधि लागू हुनुभन्दा अगावै गाउँपालिकाले पारित गरी लागू गरेका निर्देशिका, कार्यविधि वा मापदण्ड यसै कार्यविधि बमोजिम भएको मानिनेछ ।

नेपालको संविधानको धारा २२१, अनुसूची ८ को सूची नं. ५ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(ङ) बमोजिम हतुवागढी गाउँसभाबाट मिति २०७५ साल बैशाख २५ गते पारित यो विधेयक हतुवागढी गाउँसभा सञ्चालन कार्यविधि, २०७४ को दफा ४७ बमोजिम प्रमाणिकरण गर्दछु

प्रेम कुमार राई
अध्यक्ष

मितिः २०७५/०२/०३

........औं गाउँसभा
प्रमाणिकरण गर्ने
..................
प्रेमकुमार राई
अध्यक्ष

आज्ञाले:
**रामकुमार पुडासैनी**
**प्रमुख प्रशासकीय अधिकृत**

हुलाकी राजपत्र